म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष :१७ | अङ्क :- १२३ | २०८२ चैत १२ गते बिहीबार 26 March 2026, Thursday - | पृष्ठ ४ | मूल्य रू. ५/-

## हामी नयाँ आकारमा

समृद्ध समाज राष्ट्रिय दैनिक मकवानपुरको लोकप्रिय दैनिक समाचारपत्र हो । हाम्रा पाठक, लेखक, विज्ञापनदाता, शुभेच्छुकहरु माझ हामीले आजबाट ब्रोडसिट आकारमा प्रकाशन सुरु गरेका छौं । छापा पत्रकारितामा पछिल्लो समय चुनौति बढ्दो छ । तर, हामी छापा पत्रकारितालाई आम पाठक सामु विश्वसनीय र प्रभावकारी माध्यमको रुपमा स्थापित गर्ने प्रयासमा छौं । छापा पत्रकारितालाई विश्वसनीय र प्रभावकारी बनाउने अभियानमा हामी हाम्रा पाठकबाट सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं । नयाँ आकारले हाम्रा पाठकहरुलाई हामीप्रति अझ बढी आकर्षित गर्ने आशा राखेका छौं ।

सम्पादक ।

## कार्की आयोगको प्रतिवेदन

# तत्कालिन प्रधानमन्त्री, गृहमन्त्री र प्रहरी प्रमुखविरुद्ध ज्यान मुद्दा लगाइनुपर्ने



काठमाडौं : जेनजी आन्दोलनमा भएको दमनबारे जाँचबुझ गर्न गठित आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखकलगायत अरू चार उच्चपदस्थ अधिकारीमाथि ज्यानमुद्दामा अनुसन्धान अघि बढाउन सिफारिस गरेको छ । बुधबार सार्वजनिक भएको प्रतिवेदनमा उनीहरूमाथि मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ अनुसार अनुसन्धान गर्नू भनी सिफारिस छ । त्यसरी सिफारिसमा परेकाहरूमा तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङ छन् । उक्त दफामा 'कसैले लापरबाहीपूर्ण काम गरी कसैको ज्यान मार्न हुँदैन' भन्ने व्यवस्था छ ।

त्यसरी ज्यान जाने काम गरेमा तीनदेखि १० वर्षसम्म कैद र ३० हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुने व्यवस्था छ । मुलुकी अपराध संहिता, २०७४ को दफा १८२ मा 'हेलचेक्र्याइँ गरी ज्यान मार्न नहुने' भन्ने व्यवस्था छ । उक्त दफामा हेलचेक्र्याइँपूर्वक कसैको ज्यान मार्ने काम गरेमा ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिबाना हुनसक्छ । जाँचबुझ आयोगले ओलीको भूमिकाबारे भनेको छ, 'प्रधानमन्त्रीय संसदीय प्रणालीमा संसद् भवन परिसर बाहिर लगभग ४ घण्टा गोली चलिरहँदा पनि केहीको मृत्यु र सयौंको संख्यामा घाइते भइसकेको अवस्थामा पनि राज्यका सबै नागरिकको अभिभावकको जिम्मेवारी र दायित्व भएको पदाधिकारीको हैसियतले थप मानवीय क्षतिलाई रोक्न प्रयास नगर्नु प्रधानमन्त्री (अभिभावक)को ठूलो कमजोरी हो ।'

सोधपुछका क्रममा एसईईका विद्यार्थी र फिल्डका प्रहरीलाई सोध्ने प्रश्न आफूलाई सोधेको भनी ओलीले गैरजिम्मेवार जवाफ दिएको भन्दै आयोगले ओलीलाई मानवीय क्षति रोक्नेतर्फ कुनै पहलको प्रयास नगरेकोमा गैरजिम्मेवार भनेको हो ।

### किन रोक्ने प्रयास भएन ?

ओलीले गोली हान्न आदेश नदिएको र प्रदर्शनकारीहरूलाई पूर्वमनसाय राखेरै हत्या गरेको नभएपछि सुरक्षाबलले गोली चलाएर केही प्रदर्शनकारीहरूको हताहती भएको र केही घाइते भएपछि रोक्ने प्रयास नभएकोमा प्रश्न उठाएको हो । 'गोली फायर रोक्ने रोकाउनेतिर प्रयास नै नगरी निजहरूको लापरबाहीपूर्ण कार्य गरेको कारणले किशोर-किशोरीहरूको समेत ज्यान गएको देखिन आयो,' केपी ओलीको भूमिकाबारे आयोगले आफ्नो निष्कर्षमा भनेको छ, 'भदौ २३ को घटनामा लापरबाही र हेलचेक्र्याइँ गरेको कारणले किशोर-किशोरीहरूको समेत ज्यान मर्न/मराउन गएकोमा उहाँहरू जिम्मेवार देखिन आयो ।'

जाँचबुझ आयोगले ओली, लेखक र खापुङलाई लापरबाहीपूर्वक काम गरेर ज्यान मारेको अनि हेलचेक्र्याइँ गरेर ज्यान जाने काम गरेकोले फौजदारी कानुन आकर्षित हुने गरी अनुसन्धान अघि बढाउन सिफारिस गरेको हो । आयोगले चार घण्टासम्म गोली नरोकेको कामलाई हेलचेक्र्याइँ भनेको छ ।

### चार जनामाथि अर्को अनुसन्धान

जाँचबुझ आयोगले तीन पदाधिकारी बाहेक अरूलाई दोस्रो तहको कारबाहीको सिफारिस गरेको छ । गृहसचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुतराज थापा, काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छवि रिजाललाई माथि पनि दफा १८२ अनुसार कारबाहीको सिफारिस छ । उनीहरूमाथि हेलचेक्र्याइँ गरी ज्यान मारेको निष्कर्षसहित आयोगले त्यो अपराधमा आकर्षित हुने फौजदारी कानुनअनुसार अनुसन्धान गर्नू भनेको हो । हेलचेक्र्याइँसम्बन्धी आरोप आकर्षित भए बढीमा तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँ जरिबाना हुनसक्छ ।

उनीहरूमाथि शासकीय अधिकारको उचित प्रयोगप्रति उदासीन रहेका व्यक्तिहरूलाई साथ दिएको आरोप छ । ओली, लेखक र खापुङले गरेको हेलचेक्र्याइँपूर्ण काममा उनीहरूको पूर्ण सहयोग र सहमत भएको भनी आयोगले थप चार पदाधिकारीमाथि फौजदारी अनुसन्धानको सिफारिस गरेको हो ।

### विभागीय सिफारिसमा परेकाहरू

जाँचबुझ आयोगले एआईजी सिद्धिबिक्रम शाह, डीआईजी ओमबहादुर राना, एसएसपी विश्व अधिकारी, एसएसपी दीपशमशेर जबरा र एसपी ऋषिराम कँडेलमाथि कारबाहीको सिफारिस गरेको छ ।

शाह भदौ २३ मा नेपाल प्रहरीको अपरेसन प्रमुख थिएन भने राना उपत्यका प्रहरी कार्यालयका कार्यबाहक प्रमुख थिए । एसएसपी विश्व अधिकारी काठमाडौं जिल्ला प्रहरी परिसरका प्रमुख थिए । एसएसपी जबरा उपत्यका प्रहरी कार्यालयमा कार्यरत थिए । अर्का एसपी ऋषिराम कँडेल सिंहदरबारस्थित नेपाल प्रहरीको विशेष कार्यदलको नेतृत्वमा थिए । जाँचबुझ आयोगले आफ्नो प्रतिवेदनमा भनेको छ, 'निजहरूले कर्तव्य पालनामा देखाएको कमजोरी र निर्वाह गरेको भूमिका लागि निजहरूलाई कारबाहीको सिफारिस गर्नुपर्ने हुन आयो ।'

आयोगले सशस्त्र प्रहरी प्रधान कार्यालयका एआईजी नारायणदत्त पौडेल, काठमाडौंका सशस्त्र बाहिनीपति डीआईजी सुरेशकुमार श्रेष्ठ, विपत उद्दार युनिट सिनामंगलका एसपी जीवन केसीमाथि पनि कारबाहीको सिफारिस गरेको छ । राष्ट्रिय अनुसन्धान विभागका सहनिर्देशक कृष्णप्रसाद खनाल र काठमाडौं जिल्ला प्रमुख एवं सहअनुसन्धान निर्देशक रिबेनकुमार गच्छदारमाथि पनि कारबाहीको सिफारिस छ । आयोगले महत्वपूर्ण चार स्थानको सुरक्षामा चुकेका सैनिक पदाधिकारीहरूमाथि पनि कारबाहीको सिफारिस गरेको छ ।

राष्ट्रपति भवन शीतलनिवासको सुरक्षा टोली प्रमुख सहायकरथि मनोज बैदवार, बालुवाटारको सुरक्षा टोली प्रमुख सेनानी दीवाकर खड्का, सिंहदरबार सचिवालयको सुरक्षा प्रमुख सेनानी गणेश खड्का अनि संसद् भवन बानेश्वरको सुरक्षामा खटिएका नेपाली सेनाका सेनानि सन्तोष ढुंगेल कारबाहीको सिफारिसमा परेका हुन् । उनीहरूमाथि प्रशासनिक प्रकृतिको कारबाहीको सिफारिस छ । आयोगले मोटरसाइकलमा आएर बानेश्वरमा उत्तेजना फैलाउने र शान्तिपूर्ण प्रदर्शनमा रहेकाहरूलाई संसद् भवनतिर अग्रसर गराउने टीओबीका व्यक्तिहरूमाथि पनि अनुसन्धान गरेर कारबाही गर्नू भनेको छ । *स्रोत : अनलाइनखबर ।*

# प्रदेशका दुई कार्यालय नमुना कार्यालयमा परिणत

समाज संवाददाता

हेटौंडाः उद्योग तथा वाणिज्य कार्यालय काभ्रेपलाञ्चोकलाई विभिन्न सुविधासहितको नमुना कार्यालयको रुपमा सञ्चालन गरिएको छ । बागमती प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको जिल्लास्थित कार्यालयहरुलाई नमुना कार्यालय बनाउने कार्यक्रमअन्तर्गत फागुन २९ गतेदेखि यस कार्यालयबाट दोस्रो नमुना कार्यालयको सेवा सञ्चालन गरिएको हो ।

नमुना कार्यालय बनेसँगै यस कार्यालयमा अन्य कार्यालयमा जस्तो लाइनमा उभिएर, झ्यालबाट उभिएर वा कोठा कोठाका डेस्कहरुमा धाउनुपर्ने आवश्यक नरहने कार्यालयका प्रमुख रविन घिमिरेले जानकारी दिनुभयो । नमुना सेवा प्रदान गर्न सेवाग्राहीका लागि कार्यालयमा सोफासहितको आराम गर्ने हल, सोही हलमा चिया, पानी, इन्टरनेट सेवा, मोबाइल चार्जलगायतका आधारभूत सुबिधा थप गरिएको छ ।

यस कार्यालयमा सेवा लिन आउने सेवाग्राहीले कार्यालयको सुरुवातको सोधपुछ काउन्टरमा कागजात बुझाएपछि र मोबाइल बैंकिङमार्फत सोही काउन्टरमा शुल्क तिरेपछि सेवाग्राहीहरु आरामदायक हलमा प्रतीक्षा गरेर बस्न पाउनेछन् । कागजात पेश गरेको १५ देखि २० मिनेटमा काम सम्पन्न भई कागजात सेवाग्राहीको हातमा आउने व्यवस्था मिलाइएको कार्यालय प्रमुख घिमिरेले स्पष्ट पार्नुभयो । कार्यालयमा सेवाग्राहीका लागि नमुना सुविधाहरु थप गर्न सामग्री खरिदमा बजेट खर्च भएपनि पुरानै जनशक्तिले नयाँ सुविधा व्यवस्थापन गर्न सकिएको उहाँले बताउनुभयो ।

उद्योग वाणिज्य कार्यालय चितवनलाई अघिल्लो वर्षको मंसिरबाटै पहिलो नमुना कार्यालयको रुपमा सञ्चालनमा ल्याइएको थियो । त्यस कार्यालयमा पनि सेवाग्राहीका लागि एसी र सूचना डिस्प्लेसहितको प्रतीक्षा हल, सेवाग्राही आफैँले कम्प्युटरको डिस्प्लेमा हेर्न पोष्ट मेसिनलगायतका सुविधा राखिएका छन् । यहाँ पनि सेवाग्राहीहरु लाइन लाग्नु वा कोठा कोठा चाहार्नु नपर्नेगरी सेवाग्राहीलाई आवश्यक शुल्क, कागजातलगायतका सूचना पनि डिस्प्लेबाट प्रदर्शन गर्ने व्यवस्था मिलाइएको छ । अघिल्लो वर्ष उद्योग मन्त्रालयले पहिलो कार्यालयको रुपमा चितवन कार्यालयलाई साँढे सात लाख रुपैया बजेट छुट्याएको थियो । यी कार्यालयहरुमा मोबाइल बैंकिङ प्रयोग नगर्नेहरुले भने भौचर बोकेर नजिकैको बैंक काउन्टरसम्म पुग्नुपर्दछ । यद्यपि शुल्क तिर्ने बाहेकका अन्य काम भने एकद्वार बाटै हुने जनाइएको छ ।

काभ्रेपलाञ्चोक सँगै सिन्धुली, रामेछाप र भक्तपुरलाई पनि यसै आर्थिक वर्षमा नमुना कार्यालय बनाउने लक्ष्य राखेको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका सूचना अधिकारी सुनिल बन्जाराले बताउनुभयो । आगामी वर्षहरुमा क्रमशः प्रदेशका सबै उद्योग कार्यालयहरुलाई नमुना कार्यालय बनाउने लक्ष्य पनि मन्त्रालयले राखेको छ । मन्त्रालयले यसवर्ष ४ वटा जिल्लाका उद्योग तथा वाणिज्य कार्यालयहरुलाई नमुना बनाउन १२ लाखका दरले बजेट बिनियोजन गरेको थियो ।




## कान्ति लोकपथमा ट्रक दुर्घटना

# एकको मृत्यु, चालक घाइते



*दुर्घटनाग्रस्त ट्रक ।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा-ललितपुर कान्ति लोकपथमा ट्रक दुर्घटना भएको छ । बुधबार बिहान २ बजेर ५० मिनेटको समयमा कान्ति लोकपथ अन्तर्गत मकवानपुरको बकैया गाउँपालिका-११, घट्टेपाखामा ना ८ ख ८७६० नम्बरको मालबाहक ट्रक दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

हेटौंडाबाट काठमाडौं जाँदै गरेको ट्रक दुर्घटनामा परी ट्रकमा सवार पर्सा जिल्लाको बीरगंज महानगरपालिका-३२ का २० वर्षीय सन्तोष यादवको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। ट्रक चालक बीरगंज-३२ का ३३ वर्षीय कृष्ण यादवलाई उपचारका लागि चितवन रेफर गरिएको छ ।



## सम्पादकीय

# उद्योगमा युद्धको असर

इरान-अमेरिका युद्धका कारण नेपालका उद्योगहरुमा असर पर्न थालेको छ । एसियाका खाडी क्षेत्रमा युद्धले प्रभाव पार्दा त्यसको असर यहाँका उद्योगहरुमा देखिन थालेको हो । हेटौंडा औद्योगिक क्षेत्रमा रहेका उद्योगहरुमा पनि युद्धको असर देखिएको छ । युद्धरत क्षेत्रबाट भौगोलिकरुपमा निकै टाढा रहे पनि कच्चा पदार्थ र इन्धनका लागि अन्तर्राष्ट्रिय बजारमा निर्भर रहनुपर्ने बाध्यताका कारण यहाँका उद्योगहरुमा संकट देखिएको हो । हेटौंडा औद्योगिक क्षेत्रमा सञ्चालनमा रहेका १२६ मध्ये अधिकांश उद्योगहरुमा उत्पादन कटौती गर्नुपर्ने बाध्यता आइसकेको छ । उद्योगहरुले प्रयोग गर्ने कच्चापदार्थको आपूर्तिमा समस्या भएपछि पूर्ण क्षमतामा उत्पादन गर्न नसक्ने अवस्था रहेको व्यवसायीहरुको भनाइ छ । पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिले कच्चापदार्थको पनि मूल्यवृद्धि भएको र आपूर्तिमा समेत अवरोध सिर्जना भएपछि अधिकांश उद्योगहरुले उत्पादन कटौती गर्नुपर्ने अवस्था आएको बताइएको छ ।

देशकै ठूलो औद्योगित क्षेत्रको रुपमा रहेको हेटौंडा औद्यागिक क्षेत्रमा १४७ वटा प्लटमध्ये १२६ प्लटमा उद्योगहरु सञ्चालनमा रहेका छन् । ४ वटा उद्योगहरु निर्माणको क्रममा रहेका छन् भने अन्य बाँकी प्लटमा सार्वजनिक संस्थानहरु चलिरहेका छन् । यी उद्योगमध्ये धेरैजसोले पूर्ण क्षमतामा उत्पादन गर्न सकिरहेका छैनन् । पेट्रोलियम पदार्थमा आधारित कच्चा पदार्थ प्रयोग गर्ने प्लाष्टिकजन्य उद्योगहरु अहिलेको अवस्थामा सबैभन्दा बढी मारमा परेका छन् । खाद्य सामग्री उत्पादन गर्ने उद्योगहरुले पनि पर्याप्त कच्चापदार्थ पाउन सकेका छैनन् । आपूर्तिकर्ताहरुले कृत्रिम अभाव सिर्जना गरेर कच्चापदार्थको मूल्यवृद्धि समेत गरेका कारण उद्योगहरु थप मारमा परेको बताइएको छ । कतिपय उद्योगहरुमा कच्चापदार्थको मौज्दात न्यून हुँदै गएका कारण उत्पादन नै बन्द गर्नुपर्ने अवस्था आउनसक्ने व्यवसायीको चिन्ता छ ।

अन्तर्राष्ट्रिय बजारमा इन्धनको भाउ बढ्दा ढुवानी खर्च बढेर मार खेपिरहेका उद्योगले आवश्यक विद्युत् पाउन नसक्दा महङ्गो मूल्यको डिजेल प्रयोग गरेर उद्योग सञ्चालन गर्नुपर्ने बाध्यताले दोहोरो मार सहनुपर्ने बाध्यता बनिरहेको छ । अन्तर्राष्ट्रियस्तरमा बढ्दो तनाव र आर्थिक अस्थिरताका कारण उद्योगहरु घाटामा चलाउनुपर्ने अवस्था आएको उद्योगीको भनाइ छ । उद्योगहरुले उत्पादन कटौती तथा महङ्गो इन्धन तथा कच्चा पदार्थ प्रयोग गर्नुपर्दा दैनिक ३ करोड रुपैयाँ बढीको नोक्सानी व्यहोर्नुपर्ने बाध्यता रहेको बताइएको छ । गत जनवरी/फेब्रुअरीको तुलनामा अहिले प्याकेजिङका लागि प्रयोग हुने प्लास्टिकको दानाको मूल्य झण्डै दोब्बर भइसकेको कारण उत्पादन लागत उच्च भइरहेको छ । पेन्ट बनाउन आवश्यक पर्ने इमल्सन र अन्य कच्चा पदार्थहरु पेट्रोलियम पदार्थमा आधारित हुने भएकाले तिनको मूल्य बढ्नुका साथै बजारमा अभाव हुँदै गएकाले पेन्ट (रङ) उद्योगहरु पनि मारमा परेका छन् ।

औद्योगिक क्षेत्रमा हुँदै आएको विद्युत् कटौती, पेट्रोलियम पदार्थको मूल्यवृद्धि, कच्चापदार्थको अभाव तथा मूल्यवृद्धिले आपूर्ति शृंखलामा ढुवानी खर्च बढाउनुका साथै उत्पादन लागत बढाएको छ । सरकारले उद्योगमा आएको संकट समाधानका लागि विद्युत् आपूर्तिलाई नियमित बनाउनु आवश्यक छ । उद्योगले प्रयोग गर्ने पेट्रोलियम पदार्थको सहज आपूर्तिसँगै मूल्यमा छुट दिनेतर्फ पनि सरकारले ध्यान दिनु आवश्यक छ । अहिलेको विषम परिस्थितिले साँच्चै मारमा परेका उद्योगलाई बैंक ब्याजमा सहुलियत प्रदान गर्न पनि सरकारले सहजीकरण गर्नु उचित हुनेछ । आर्थिक विकासको मेरुदण्ड मानिएको उद्योगको संरक्षणमा सरकारले उचित ध्यान दिन नसकेर उद्योग बन्द गर्नुपर्ने अवस्था सिर्जना भएमा त्यसले अर्थतन्त्रमा नकारात्मक असर पर्ने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : विशिष्ट व्यक्तिहरुसँग मित्रता बढ्ने समय योग छ । |
| **वृष** | : कार्यलयीय जिम्मेवारी प्राप्त हुने समय योग छ । |
| **मिथुन** | : धार्मिक र सामाजिक काममा समय बित्ला । |
| **कर्कट** | : लेनदेनका काममा विशेष विचारणीय समय छ । |
| **सिंह** | : साझेदारीजन्य कर्मबाट विशेष लाभ होला । |
| **कन्या** | : सहयोगीहरुले साथ सहयोग प्रदान गर्नेछन् । |
| **तुला** | : बौद्धिक तथा दार्शनिक कामबाट धनार्जन होला । |
| **वृश्चिक** | : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । |
| **धनु** | : स्वास्थ्यमा क्रमश: सकारात्मक संकेत होला । |
| **मकर** | : भोगविलासका काममा मन आकर्षित हुने समय योग छ । |
| **कुम्भ** | : अध्ययन–अध्यापन मध्यमकारक रहन्छ । |
| **मीन** | : अनाहकमा अबगाल आइपर्न सक्ने योग छ । |

# आशा र भरोसामा बाँच्न विवश शिक्षकहरु



✍के.पि. शर्मा

२०८२ फागुन २१ गते प्रतिनिधि सभा सदस्य निर्वाचन सम्पन्न भएको पनि आज २२ दिन बितिसकेको छ । अब देशमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को नेतृत्वमा एकल बहुमतको नयाँ सरकार बन्दैछ । भोलि चैत १३ गते शुक्रबारका दिन प्रधानमन्त्रीको रुपमा रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) ले सपथ लिँदैछन् । नयाँ संसदमा प्रतिनिधित्व गर्ने २७५ जना सांसदहरुले आज (चैत्र १२ गते बिहिबार) सपथ लिँदैछन् । अब सुरु हुने प्रतिनिधि सभाको प्रथम बैठक पनि नयाँ भवनबाटै हुने पक्का छ । नयाँ संसद भवनको उद्घाटन पनि सिंहदरबार भित्र निर्माणाधिन संसद भवनमा प्रतिनिधि सभाका निर्वाचित नवयुवा सांसदहरुको शपथ ग्रहणबाट हुने निश्चित छ । यस विषयको जानकारी निर्वाचन आयोग र संसद सचिवालयका कर्मचारीबाट प्राप्त भइसकेको छ । कुल २७५ मध्ये १८२ सिटमा निर्वाचित भएर रास्वपा झण्डै दुई तिहाइ बहुमत नजिक पुग्न सफल भएको छ । अब देशले रास्वपाका नेता तथा झापाबाट निर्वाचित सांसद तथा काठमाडौं महानगरका पूर्वमेयर बालेन्द्र शाहलाई प्रधानमन्त्रीको रुपमा पाउनेछ । देशका सबै नागरिकहरु खुसी अनुभव गरिरहेका छन् । अब बन्ने नयाँ पार्टीको नयाँ सरकारले पक्कै पनि देशमा नयाँ कार्यको थालनी गर्नेछ र आगामी दिनमा जनताले सुशासनको अनुभूति लिन पाउनेछन् भन्ने कुरामा आम जनता विश्वास गर्छन् ।

यही २०८२ चैत्र १३ गते देशले बालेन शाहको प्रधानमन्त्रीत्वमा नयाँ सरकारको गठन हुँदैछ । देशका आम स्वाभिमानी र कर्तव्यनिष्ठ शिक्षकहरु अझ बढी खुशी भएका छन् । यस बारेमा कि शिक्षा क्षेत्रमा भएका सबै विभेदहरु अब बन्ने सरकारले अन्त गर्दै जानेछ । २०२८ सालदेखि लागु हुँदै आएको शिक्षा ऐनको सट्टामा सर्वमान्य र सबैलाई स्वीकार्य नयाँ विद्यालय शिक्षा ऐन २०८३ जारी गरी लागु हुनेछ । त्यो शिक्षा ऐनले निजी विद्यालयहरुलाई नियमन गर्ने, उनीहरुको मनपरी रुपमा विद्यार्थीसँग शुल्क लिने, विद्यालय अनुसार शुल्क फरक-फरक (बढी-घटी) लिने जस्ता समस्यालाई सम्बोधन गर्नेछ । सामुदायिक विद्यालयको शिक्षाको स्तर वृद्धि गर्न आवश्यक रणनीति र योजना शिक्षा नियमावलीमा पक्कै समेटिने छ । सीपमूलक शिक्षा र प्राविधिक शिक्षामा बढी जोड दिनुपर्ने आजको आवश्यकता हो । सामुदायिक विद्यालयमा माध्यमिक तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क गर्ने संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्न उपयुक्त निकास पनि अब बन्ने सरकारको महत्वपूर्ण जिम्मेवारी भित्र पर्दछ ।

सबै शैक्षिक निकायहरुमा विभिन्न पदमा सरकारले गर्ने नियुक्तिहरुमा खुला प्रतिस्पर्धाबाट विज्ञ व्यक्तिको छनोट गर्ने प्रणालीको सुरुवात पनि अब बन्ने शिक्षा ऐनमा स्पष्ट पार्ने विश्वास शिक्षकको छाता संगठन नेपाल शिक्षक महासंघले गर्नुपर्दछ । हाल विद्यमान पार्टी वा दलै पिच्छे गठन भएका शिक्षक संघ संगठनको सट्टा देशैभर बाट सबै शिक्षकहरुको प्रतिनिधिमूलक संस्था नेपाल शिक्षक महासंघको व्यवस्था ऐनमा नै किटान गरी लागु गरेमा सबैको हितमा हुनेछ । शिक्षकलाई विभिन्न राजनीतिक दलहरुले हेर्ने दृष्टिकोणमा परिवर्तन आउने छ । शिक्षकलाई कसैले पनि झोले शिक्षकको रुपमा अपमानित गर्न पाउँदैन । शिक्षकले आफ्नो दलीय आस्थालाई स्वीकार्न सक्छन् तर सक्रियतापूर्वक लाग्नु नैतिकता भित्र पर्दैन होला । यसले शिक्षकलाई नै आफ्नो कर्तव्यपथमा अघि बढ्न सहयोग पुग्छ जस्तो लाग्छ । सरकारले पनि शिक्षकको जायज मागलाई सम्बोधन गरेर उनीहरुको वृत्ति-विकासमा ध्यान पुर्‍याउनु आवश्यक छ । शिक्षकलाई हतोत्साही नबनाई कर्मशील बाटोमा लाग्न प्रेरणा दिने खालको शिक्षा नीति लागु गर्नुपर्दछ । यसरी शिक्षक विद्यार्थी र अभिभावकलाई समेत हित हुने खालको नयाँ शिक्षा ऐन जारी भएमा शिक्षकहरुमा नयाँ हौसला र प्रेरणा मिल्छ । परिमाणस्वरुप देशको शिक्षाको स्तर सामुदायिक विद्यालयहरुले पक्कै वृद्धि गर्नेछन् । यो एकै वर्षमा नभई क्रमश: बढ्दै जाने नियम हो । यसो भएमा देशभरका शिक्षकहरुमा खुशी र उमङ्ग छाउनेछ । सरकार र शिक्षकहरुका बीचमा राम्रो सम्बन्ध रहने छ ।

यी माथिका कार्य र परिणाम प्राप्त गर्ने अभिलाशामा सबै शिक्षकहरु लालायित छन् । सधैं आशा र भरोसामा बाँच्न विवश शिक्षकहरु अब विश्वासयोग्य वातावरणको पर्खाइमा छन् । शिक्षकहरु विभिन्न कालखण्डमा आफ्ना पेशागत माग राखेर आन्दोलित हुँदै आजका दिनसम्म अध्यापन गर्दै आएका हुन् । आन्दोलित शिक्षकको रहर र बाध्यता होइन यो त सरकारमा बस्नेहरुको शिक्षकलाई हेर्ने गलत दृष्टिकोणको उपज हो । यदि सरकारले समयानुकुल विद्यालय शिक्षालाई सुधार गर्न र शिक्षकका उपयुक्त सुझाव कार्यान्वयन गर्ने हो भने यो समस्या नै कहिल्यै आउँदैन । कक्षा-कोठामा विद्यार्थीसँग रमाउने शिक्षकहरु सडकमा नारा जुलुस गर्न जानुपर्ने वातावरणको अब अन्त्य हुनुपर्छ । यस्तो वातावरण बनाउने अभिभारा अब बन्ने नयाँ सरकारको पोष्टमा रहेको छ ।

२०३६ सालको शिक्षक आन्दोलनबाट स्थापना भएको नेपाल राष्ट्रिय शिक्षक संगठन एकमात्र शिक्षकको पेशागत संगठन थियो । निर्दलीय पञ्चायती व्यवस्थाको समयमा पनि आफ्ना पेशागत हक, अधिकार र पेशाको स्थायीत्व र सुनिश्चितताको मुद्दा उठान गरी पूरा गर्न सक्षम भएको इतिहास पढ्न र सुन्न सकिन्छ । त्यसपछि विभिन्न समयमा भएका शिक्षक आन्दोलनबाट उपदान, पेन्सन (निवृत्तिभरण) औषधी उपचार खर्च सन्चित बिदाको व्यवस्था, बिदाहरुको सुविधा थप आदि उपलब्धि प्राप्त भएका हुन् । त्यतिबेला एउटै शिक्षक संगठन नेपाल राष्ट्रिय शिक्षक संगठन थियो । सबै शिक्षकहरु एकत्रित हुन्थे । एकता बलियो थियो र शिक्षकका माग र सुझावहरु सरकारले सुनेर पूरा गर्थ्यो । तर जब देशमा बहुदलीय शासन व्यवस्था स्थापना भयो, त्यसपछि शिक्षकहरु आफ्ना आस्था अनुसारको दलमा आबद्ध हुन थाले । जसको परिणाम स्वरुप दलै पिच्छे शिक्षक संघ संगठनहरु, भातृ संगठनका रुपमा खुल्न थाले र सरकारले पनि सजिलै दर्ता गर्‍यो र मान्यता प्रदान गर्‍यो । त्यसैले गर्दा शिक्षक एकता कमजोर बन्दै गयो ।

जुन दलको निकटका शिक्षक हुन् त्यही दलको झोला बोक्न थाले र आफ्नो कर्तव्य पूरा गर्न भन्दा पनि नेताहरुको चाकरी गर्ने, उनीहरुप्रति बफादार बन्न पुगे, जसले गर्दा शिक्षाको स्तर कमजोर बन्दै गयो । अभिभावक, समुदाय र सरकारको नजरमा शिक्षक अपहेलित हुनुपर्‍यो । सरकारी स्कुलमा विद्यार्थी संख्या घट्दै गयो भने निजी स्कूलतर्फ अभिभावकको चाहना बढ्दै गयो । त्यसपछिका दिनहरुमा शिक्षकले राखेको मागहरु र सडकमा गरेका आन्दोलन असफल हुन पुग्यो । तर पनि शिक्षकहरु निराश भएका छैनन् । अब बन्ने नयाँ सरकारप्रति आशा र विश्वास लिँदै पर्खी बसेका छन् ।

२०८० भदौ र २०८१/०८२ मा भएको शिक्षक आन्दोलनलाई सरकारले वार्ताको बहानामा स्थगित गर्‍यो र माग सम्बोधन पनि गरेन । शिक्षा ऐन पनि जारी गरेन । कतिपय शिक्षकहरु रित्तो हात उमेर हदका कारण अवकाश हुनुपर्‍यो भने कतिपयले बढुवा हुनबाट बञ्चित हुनुपर्‍यो । यस्तो अवस्था आउनुमा तत्कालिन सरकारको शिक्षकप्रतिको अपमानित व्यवहार थियो । सरकारले शिक्षकलाई निजामती सरह सुविधा दिएको भने तापनि व्यवहारमा अहिलेसम्म लागु भएको छैन ।

केही दिन अगाडि निजामती कर्मचारीका सन्ततीलाई छात्रवृत्ति सम्बन्धी सूचना जारी हुँदा शिक्षकका छोराछोरीलाई भने विभेद गरिएको पाइयो । अब बन्ने सरकारले त्यस्तो विभेद नगरोस् । नयाँ सरकारप्रति आशा र भरोसामा छन् शिक्षकहरु ।

# गगनले खनेको राजमार्गमा रास्वपाको सवारी



✍सुदर्शन आचार्य/केशव पाठक



नेपाली राजनीतिको रङ्गमञ्चमा यतिबेला एउटा यस्तो दृश्य मञ्चन भइरहेको छ, जसले एकातिर एउटा नेताको निष्ठाको पराकाष्ठा देखाउँछ भने अर्कोतिर एउटा ऐतिहासिक पार्टीको भविष्यमाथि प्रश्नचिह्न खडा गरिदिएको छ। झण्डै १५ वर्षअघि जब गगन थापाले नेपाली कांग्रेसको कुरुप सांगठनिक संरचनाभित्र विद्रोहको बीजारोपण गरेका थिए, उनले एउटा 'आधुनिक राजमार्ग' को परिकल्पना गरेका थिए । उनले गाउँगाउँ-शहरशहर पुगेर युवाहरूलाई एउटा सपना बाँडे– 'राजनीति केवल शक्ति हत्याउने खेल होइन, यो त व्यवस्था बदल्ने र भविष्य कोर्ने माध्यम हो ।' नागरिकका वर्षौंदेखिका धुमिल सपना साकार पार्न गगनले ढाडस भरे । उनको आह्वान सुनेर थुप्रै युवा राजनीतिमा हामफाले । कति उनीसँग लामबद्ध भए, कति फरक राजनीतिक पार्टीहरूमा ।

कांग्रेसको कुरुप सांगठनिक सांरचना पूरै बदल्न उनको बल पुगिरहेको थिएन । गत पुस अन्तिमबाट माघ १ मा सम्पन्न विशेष महाधिवेशनबाट उनी पार्टी सभापतिको जिम्मेवारीमा आए । ठूलै जोखिम लिएर उनले कांग्रेस बदल्ने प्रयत्न गरेका थिए। तर, उनको प्रयास जनस्तरसम्म पुग्न सकेन। जसको कारण २१ फागुनको निर्वाचन परिणामले उनी र उनको नेतृत्वको कांग्रेसलाई ठूलै धक्का दियो । गगनले पराजयको जिम्मेवारी बोध गर्दै राजीनामा दिए र नैतिकताको खडेरी परेको राजनीतिमा पुन: आशा भर्ने प्रयास गरे। भलै उनले नैतिकताको आधारमा दिएको राजीनामा उनको पार्टीको केन्द्रीय कार्यसमितिले सर्वसम्मत रूपमा अस्वीकार गर्ने निर्णय गर्‍यो ।

गगनले १५ वर्ष लगाएर जुन बाटोको ढुङ्गा पन्छाए, जुन बाटोमा वैचारिक अलकत्रा बिछ्याए, आज त्यही चिल्लो बाटोमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को 'नयाँ गाडी' तीव्र गतिमा हुइँकिर हेको छ । गगन स्वयं नेपाली राजनीतिमा कसैलाई नलाग्ने नैतिकताको कसीमा बसिरहेका छन्।

### विचारको खेती, फसलको "हाइज्याक"

२०६२/६३ को जनआन्दोलनको राप र तापबाट जन्मिएका सबैभन्दा आशालाग्दा नेता हुन्, गगन थापा। जतिबेला नेपाली कांग्रेसका शीर्ष नेताहरू 'संवैधानिक राजतन्त्र' को वरिपरि रुमल्लिइरहेका थिए, गगनले सडकबाट 'गणतन्त्र' र 'पुस्तान्तरण' को मुद्दालाई मुलुकको मूल राजनीतिक एजेन्डा बनाएका थिए। उनले १५ वर्षसम्म निरन्तर एउटा भाष्य निर्माण गरे- 'पुराना नेताहरू आउटडेटेड भए, अबको नेतृत्व एजेन्डामा आधारित हुनुपर्छ, र राजनीतिमा 'डेलिभरी' को हिसाब हुनुपर्छ ।'

गगनले कोरेको यो बाटो वास्तवमा नेपाली युवाको आकांक्षाको 'एक्सप्रेस-वे' थियो । विडम्बना ! गगनले कांग्रेसभित्रै संघर्ष गर्दागर्दै, देउवा र पौडेलहरूको गुटीय द्वन्द्व सुल्झाउँदा सुल्झाउँदै समयले एउटा नयाँ मोड लियो । गगनले जुन 'नयाँपन' र 'विकल्प' को भोक जगाएका थिए, त्यो भोक मेटाउन कांग्रेसको थोत्रो बस तयार भएन । ठिक यही मौकामा रास्वपा एउटा चम्किलो 'रेसिङ कार' बनेर आयो । जनतालाई लाग्यो, 'गगनले भनेको कुरा त ठिक हो, तर यो कांग्रेसको कवाडी बसमा चढेर कहिले पुग्नु ? त्योभन्दा त यो नयाँ गाडीमै चढ्नु रोमाञ्चक छ।' यसरी गगनले खनेको वैचारिक जगमा रास्वपाले आफ्नो चुनावी महल ठड्याउन सफल भयो ।

### 'गगन कांग्रेस' को चाहना, 'शेरबहादुर शैली' को प्रहार

नेपाली मतदाताहरू, विशेषगरी नयाँ पुस्ता, गगन थापाबाट एउटा 'स्मार्ट कांग्रेस' को झलक चाहन्थे । एउटा यस्तो कांग्रेस, जो डिजिटल होस्, जो पारदर्शी होस् र जसले १५ वर्षअघि गगनले सडकमा चिच्याएर बोलेका कुराहरूलाई नीतिमा बदलोस्। गगनले पटक-पटक 'बदलिएको कांग्रेस' को नारा दिए। तर, जब जनताले मतपेटिकामा छाप लगाउने बेला कांग्रेसको वास्तविक अनुहार हेरे, उनीहरूले त्यहाँ गगनको आधुनिकता होइन, बरु शेरबहादुर देउवाको 'खलनायकत्व' भरिएको धमिलो छाया र पुरानो जर्जर शैली मात्र सम्झिए । चुनावमा शेरबहादुरकै मानिस कांग्रेस हराउन मोर्चाबन्दीमा लागेको देखे ।

यो निर्वाचनमा गगनले चाहेर पनि कांग्रेस बदलिएको जनताले कतै अनुभूति गर्न पाएनन् । टिकट वितरणदेखि निर्णय प्रक्रियासम्म उही पुराना गुट, उही स्वार्थको खेल र उही 'शेर बहादुर शैली' हावी भयो। गगन थापाले १५ वर्ष लगाएर बनाएको वैचारिक राजमार्गलाई देउवाले आफ्नै अहङ्कारको डोजर चलाएर क्षत-विक्षत पारिदिए । निर्वाचनको कमाण्ड सम्हाल्नुपर्ने मुख्य नेता चुनावका बेला 'सिङ्गापुर' को अस्पतालमा आराम गरेर बस्नुले जनतामा एउटा घातक सन्देश गयो, 'कांग्रेस अझै पनि देउवा जस्ता व्यक्तिको निजी सम्पत्ति हो ।' यही रिक्तताको फाइदा उठाउँदै रास्वपाले गगनका एजेन्डाहरूलाई 'ग्ल्यामरस' बनाएर पस्कियो र बाजी मार्‍यो ।

नेपाली कांग्रेसभित्रको एउटा ठूलो तप्का चुनाव सक्किएपछि पनि एउटा यस्तो आत्मघाती खेलमा रमाउँदैछ, जसले अन्तत: पार्टीलाई नै सखाप पार्ने निश्चित छ । कृष्णप्रसाद सिटौलादेखि मीन विश्वकर्मासम्म अनि मोहन बस्नेतदेखि प्रकाशशरण महतसम्मका हुङ्कार सुन्दा लाग्छ, उनीहरूको मुख्य शत्रु विपक्षी दल होइन, बरु आफ्नै सभापति गगन थापा हुन् । उनीहरू गगनलाई सफल हुनुभन्दा कांग्रेस नै पराजित भएको हेर्न बढी लालायित देखिन्छन्। किनकि, गगनको सफलताले उनीहरूको 'भागबन्डाको र लाभ राजनीति' समाप्त हुने डर छ ।

कांग्रेसरूपी घरभित्रका यी धमिराहरूले गगन थापालाई यति नराम्रोसँग घेराबन्दी गरे कि, निर्वाचनमा कांग्रेसको आधा शक्ति पार्टीकै उम्मेदवारलाई हराउन सक्रिय भयो। आफ्नै कमान्डरलाई युद्धको मैदानमा एक्लो पारेर पछाडिबाट प्रहार गर्ने यिनै नेताहरूका कारण आज रास्वपाको गाडी कांग्रेसको 'किल्ला' भित्र धुलो उडाउँदै पस्न सफल भएको हो । प्रत्यक्षमा कांग्रेसले बेहोरेको ऐतिहासिक हारपछि पनि उनीहरूमा कुनै लज्जा छैन। बरु, उनीहरू अहिले गगनलाई राजीनामा गराउन र उनलाई पार्टीबाट निष्कासन गर्ने षडयन्त्र बुन्न अदालत र गुटका बैठकहरूमा व्यस्त छन् ।

### 'घण्टी'को गाडीमा गगनको इन्धन

राष्ट्रिय स्वतन्त्र पार्टीले जुन 'पपुलिज्म' र 'सेलिब्रेटी' राजनीतिको सहारा लियो, त्यो वास्तवमा गगन थापाले १५ वर्षअघि शुरु गरेको 'युथ आइकन' छविको एउटा परिष्कृत र डिजिटल संस्करण मात्र हो । गगनले राजनीतिमा 'प्रश्न गर्ने' संस्कृति त भित्र्याए, तर कांग्रेसको सांगठनिक जडताले उनलाई 'उत्तर दिने' ठाउँमा पुग्नै दिएन । रास्वपाका नेताहरूले नै जनतालाई भने, 'गगनले उठाएका मुद्दा त सही छन्, तर उनी गलत घरमा थुनिएका छन्। उनको विचार चाहिएको छ भने हाम्रो गाडीमा चढ्नुस् ।'

जनताले गगनको आवाजमा जुन 'स्मार्ट' र 'पारदर्शी' नेपालको सपना देखेका थिए, त्यो सपना शेरबहादुर देउवाको अनुहारबाट पूरा हुने सम्भावना देखेनन् । निर्वाचनपछि सार्वजनिक भएको समानुपातिक लिस्टले स्पष्ट भनिरहेको छ, यो 'गगन कांग्रेस' होइन, यो त उही पुरानो 'शेरबहादुर एन्ड कम्पनी' हो। पछिल्लो पुस्ताले शेरबहादुरको अनुहार हेरेर भोट हाल्न इन्कार गर्‍यो र गगनले १५ वर्ष लगाएर सिकाएको 'विद्रोहको भाषा' रास्वपा मार्फत व्यक्त गरिदियो । आज रास्वपाको गाडीमा जुन इन्धन भरिएको छ, त्यो गगन थापाको १५ वर्षको पसिना र वैचारिक मन्थनबाट निस्किएको ऊर्जा हो ।

### गुगलमा नभेटिने कांग्रेस भूगोलमा !

फागुन २१ को चुनावपूर्व कांग्रेस केवल इतिहासको पानामा वा 'गुगल' को आर्काइभमा मात्र भेट्नु पर्ने अवस्थामा पुगेको थियो । बितेको दशकमा कांग्रेसको परिचय केवल सत्ताको लुछाचुँडी र भ्रष्टाचारका काण्डहरूमा मात्र सीमित भयो । भदौ २४ गते तत्कालीन सभापति शेरबहादुर देउवाको घरमा जलेका र लुटिएका नोट र रक्सीका बोतलहरूले सत्ता लुछाचुँडी र भ्रष्टाचार कालो मुस्लो फ्याँकिरहेको थियो। जसले गर्दा चुनावसम्म आइपुग्दा युवाहरूका लागि कांग्रेस एउटा 'आउटडेटेड' सफ्टवेयर जस्तै भइसकेको थियो। गुगलमा 'नेपाली कांग्रेस' सर्च गर्दा नयाँ भिजन होइन, बरु गुटबन्दी र नातावादका पुराना कथाहरु मात्र भेटिन्थे । यस्तो बेला विशेष महाधिवेशन गरेर सभापति भएका गगन थापा ती पात्र हुन्, जसले कांग्रेसलाई 'गुगल' बाट निकालेर नेपाली 'भूगोल' को वास्तविकतामा जोड्ने प्रयास गरे ।

थापाले विश्वप्रकाश-प्रदीप सहितको नयाँ टिमका साथ स्वास्थ्य, शिक्षा र सुशासनका

...बाँकी पृष्ठ ३ मा

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



# फागुनमा १४ जना किशोरी आमा

समाज संवाददाता

हेटौँडाः हेटौँडा अस्पतालमा फागुन महिनामा २० बर्षमुनिका १४ जना किशोरीहरु आमा बनेका छन्। एक महिनामा अस्पतालमा २ सय ३८ जना महिलाहरुले प्रसुति सेवा प्राप्त गरेकोमा १४ जना २० वर्षमुनिका किशोरीहरु रहेका हुन् ।

हेटौँडा अस्पतालको मातृशिशु शाखाबाट गत साउनदेखि फागुन मसान्तसम्म ८ महिनाको अवधिमा १ सय ४७ जना २० वर्षभन्दा कम उमेरका किशोरीहरु आमा बनेका छन् । यस अवधिमा हेटौँडा अस्पतालमा २ हजार ७० जनाले प्रसुति सेवा लिएकोमा १ सय ४७ जना २० बर्ष मुनिका रहेका छन् ।

मकवानपुरको मनहरी, भीमफेदी, बागमती, बकैया गाउँपलिकालगायत हेटौँडा उपमहानगरपालिकाका केही वडाहरुबाट समेत किशोरी आमाहरु प्रसुति सेवा लिन आउने गरेको हेटौँडा अस्पतालको मातृशिशु शाखाका स्वास्थ्यकर्मीले जनाएका छन् । २० वर्ष उमेर नपुगी आमा बन्दा आमा र शिशु दुबैको स्वास्थ्य जोखिममा रहने स्वास्थ्यकर्मीको भनाइ छ । आमाको प्रजनन् अंग विकास भइनसकेकोले प्रसुति सेवामा समेत जोखिम हुनसक्ने, सानो उमेरमा गर्भवती हुँदा शिशु पूर्ण परिपक्व नभई जन्मने सम्भावना रहने र समय नपुगी जन्मेको शिशुलाई विभिन्न संक्रमणको समेत खतरा रहने चिकित्सकहरुले चेतावनी दिँदै आइरहेका छन् ।

२० वर्ष नपुगी बिहे गरेका दम्पतीको विवाह दर्ता नहुने र विवाह दर्ता नभई जन्मेको नवजात शिशुको पनि जन्मदर्ता गर्न नमिल्ने हुनाले जन्मदर्तासमेत ढिलो हुने गरेको छ । नेपालको कानुनले २० वर्ष उमेर पूरा नभई विवाह गर्नुलाई दण्डनीय अपराध माने पनि २० वर्षभन्दा कम उमेरमा विवाह गर्ने र सन्तान जन्माउने क्रम रोकिएको छैन ।

# शैक्षिक समस्या र सुधारबारे अन्तरक्रिया सम्पन्न



समाज संवाददाता

हेटौँडाः शिक्षा क्षेत्रका विविध समसामयिक विषयमा शैक्षिक अन्तरक्रिया तथा संवाद कार्यक्रम सम्पन्न भएको छ। बुधबार भुटनदेवी माध्यमिक विद्यालयको आयोजना तथा हेटौँडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाको समन्वयमा कार्यक्रम सम्पन्न भएको हो ।

भुटनदेवी माविको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवीन सिग्देलको सभाध्यक्षतामा भएको कार्यक्रममा शिक्षा क्षेत्रका विविध विषय र समस्याबारे छलफल भएको थियो । कार्यक्रममा वृहत् राष्ट्रिय शिक्षा अभियान नेपालका संयोजक अभिषेक घिमिरेले सहभागी शिक्षकहरुसँग अन्तरक्रिया गर्नुभएको थियो । सो क्रममा संयोजक घिमिरेले अन्तरक्रियामा उठेका माग, गुनासो तथा सवालहरूलाई दस्तावेजीकरण गरी कार्यान्वयनका लागि मन्त्रालयसम्म पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले लामो समयदेखि अन्योलमा रहेको ४० हजार राहत शिक्षक व्यवस्थापनको प्रक्रिया अर्थ मन्त्रालयबाट स्वीकृति पाएसँगै अब अगाडि बढेको जानकारीसमेत दिनुभयो ।

अन्तरक्रियामा सहभागी सामुदायिक विद्यालयका शिक्षकहरूले शिक्षा क्षेत्रका दर्जनौँ समस्या र सुधारका उपायहरू औंल्याएका थिए । शिक्षकहरूले विषयगत दरबन्दीको अभाव, तालिम र कार्यान्वयनबिचको तालमेल नमिल्नु तथा माध्यमिक तहका कक्षाहरू प्राथमिक तहका शिक्षकले धान्नुपर्ने बाध्यता रहेको गुनासो गरे । यस्तै, ५० अंकको आन्तरिक मूल्यांकन गर्दा विद्यालय वा शिक्षकले विद्यार्थीको लिखित परीक्षाको अंक हेरेरमात्र नम्बर दिने परिपाटी रहेको र उदार कक्षोन्नतिका कारण कक्षा ९ मा पुग्ने विद्यार्थीको सिकाइस्तर निकै कमजोर हुने गरेको शिक्षकहरुको भनाइ छ।

पाठ्यक्रम व्यवहारिक हुनुपर्ने, विद्यार्थीलाई रुचिअनुसार पढ्ने वातावरण बनाउन सानो कक्षादेखि नै सोहीअनुसारको पाठ्यक्रम आवश्यक रहेको र शिक्षक सरुवा प्रणालीलाई वैज्ञानिक, प्रक्षेपित तथा नियमित बनाउनुपर्ने शिक्षकहरुको माग छ। विद्यालयमा शिक्षकले काम नगरे पनि प्रधानाध्यापकले केहि गर्न नसक्ने र शिक्षक नियुक्तिमा विद्यालय व्यवस्थापन समिति वा जनप्रतिनिधिको दबाब अन्त्य गरी एकद्वार प्रणाली (शिक्षक सेवा आयोग) बाट मात्र नियुक्ति गरिनुपर्ने कार्यक्रमा सहभागी शिक्षकहरुले सुझाव दिएका छन् ।

प्राविधिक धारतर्फको पाठ्यक्रम जटिल भएको, साधारण विषयका शिक्षकको दरबन्दी मिलान नभएको र सबै विषय समेट्दा मुख्य विषय ओझेलमा परेको शिक्षकहरूको गुनासो छ । विद्यालय व्यवस्थापन समितिको सान्दर्भिकता, निजी विद्यालय सञ्चालकहरूको स्थानीय निकायमा प्रभाव पारेको र शिक्षा ऐन निर्माणको प्रक्रियामा शिक्षकहरुको अनिवार्य सहभागिता हुनुपर्नेजस्ता विषयहरु पनि कार्यक्रममा उठेको थियो । कार्यक्रममा हेटौँडा उपमहानगरपालिका शिक्षा विकास महाशाखा प्रमुख हरिचन्द्र सापकोटासहित उपमहानगरभित्रका विभिन्न सामुदायिक विद्यालयका शिक्षकहरुको सहभागिता रहेको थियो ।

# हुन्डाईको सर्भिस क्याम्प सम्पन्न

समाज संवाददाता

हेटौँडाः हेटौँडा मेनरोडमा रहेको हुन्डाई शोरुमले सञ्चालन गरेको दुई दिने विशेष सर्भिस क्याम्प सम्पन्न भएको छ। 'हुन्डाई फोरेभर केयर: केयर बियोन्ड सर्भिस' भन्ने मूल नाराका साथ मंगलबार र बुधबार क्याम्प सञ्चालन गरिएको थियो ।

क्याम्पमा २० जना सेवाग्राहीले आफ्ना सवारी साधनको चेकजाँच तथा मर्मत सेवा प्राप्त गरेको शोरुमले जनाएको छ । सेवाग्राहीलाई प्रोत्साहन गर्न शोरुमले आकर्षक छुटको व्यवस्थासमेत गरेको थियो। क्याम्पमा गाडीको सम्पूर्ण स्पेयर पार्टसमा १० प्रतिशत, मिस्त्री शुल्क (लेबर चार्ज) मा २० प्रतिशत र मोविलमा १० प्रतिशत छुट प्रदान गरिएको थियो । छुटका अतिरिक्त गाडीको सामान्य चेकजाँच, जिडिस चेकअप, एसी र ब्याट्रीको अवस्था परीक्षण निःशुल्क गरिएको थियो । यस विशेष क्याम्पबाट सेवाग्राहीले उल्लेखनीय आर्थिक लाभ प्राप्त गरेको सर्भिस इन्चार्ज सञ्जीव गुप्ताले जानकारी दिनुभयो। उहाँका अनुसार क्याम्पमा सहभागी हुनाले सेवाग्राहीको न्यूनतम ६ हजारदेखि अधिकतम १० हजार रुपैयाँसम्म बचत भएको सर्भिस इन्चार्ज संजिव गुप्ताले जानकारी दिनुभयो ।

हेटौँडा शोरुमले विगत ५ वर्षदेखि नियमितरूपमा यस्ता सर्भिस क्याम्पहरू आयोजना गर्दै आएको छ। सर्भिस इन्चार्ज गुपताका अनुसार वर्षमा ४ पटक (मार्च, जुन, अगस्त र नोभेम्बर महिनामा) यस्ता क्याम्प सञ्चालन गर्ने गरिएको छ। नियमित चेकजाँचले गाडीको आयु बढ्ने र यात्रा सुरक्षित हुने भएकाले सेवाग्राहीको आकर्षण बढ्दै गएको देखिएको छ।

# बागलुङमा धमाधम भेटिँदै एउटै नम्बरका एक हजारका नक्कली नोट

बागलुङः बागलुङमा एक हजारका नक्कली नोट फेला परेका छन् । बागलुङ बजारका विभिन्न बैंकमा एउटै नम्बरको एक हजारका विभिन्न नोट फेला परेका छन् ।

नेपाल बैंक बागलुङका अनुसार अहिले १८ वटा भन्दा बढी एक हजारका एउटै नम्बरका नोट फेला परेका छन् । बैंकमा रकम जम्मा गर्न ल्याएको एक हजारका नोटको गड्डीभित्र नक्कली नोट फेला परेको नेपाल बैंक लिमिटेड बागलुङ शाखाका प्रमुख कृष्णबहादुर कुँवरले जानकारी दिए ।

बागलुङमा रहेका नेपाल बैंक, प्रभु बैक, गरिमा विकास बैंक, एनएमबी बैंक र सिद्धार्थ बैकलगायतका बैंकमा एक हजार रुपैयाँका एउटै नम्बरका नोट फेला परेको उनले बताए । कुँवरले झ ७९१६९०३३ नम्बरको नोट दोहोरो फेला पर्न थालेको बताउँदै सचेत रहन आग्रह गरे । नक्कली नोटमा कागजको गुणस्तर, राष्ट्रिय फूल, स्टिकर र सुरक्षात्मक चिन्ह फरक पाइएको र नम्बर नै एउटै पाइएको छ ।

नक्कली नोटको विषयमा नेपाल राष्ट्र बैंकमा समेत जानकारी गराएको बैंकर्स क्लब बागलुङको अध्यक्ष श्रीजय श्रेष्ठले बताए। उनले चैते दसैंलगायत भिडभाडको मौका छोपी नक्कली नोट आएको हुनसक्ने अनुमान गरे । उनले नक्कली नोट बाक्लो हुने र छिटो खुम्चने गरेको पाइएकाले सचेत रहेर कारोबार गर्न आग्रह गरे । *(स्रोत: अनलाईनखबर)*

# दुरुपयोग भएको डाक्टर दर्ता नम्बर रोक्न मेडिकल काउन्सिलको निर्देशन

काठमाडौंः नेपाल मेडिकल काउन्सिलले दर्तावाला चिकित्सकलाई दर्ता प्रमाणपत्र आफू प्रत्यक्ष रूपमा कार्यरत स्वास्थ्य संस्थामा मात्र प्रयोग गर्न निर्देशन दिएको छ ।

काउन्सिलले चिकित्सकले एनएमसी रजिस्ट्रेसन सर्टिफिकेट आफू संलग्न नरहेका क्लिनिक वा अस्पतालमा राख्दा सर्वसाधारणमा भ्रम उत्पन्न हुने र यसले व्यावसायिक आचारसंहिताको उल्लंघन गर्न सक्ने जनाएको छ ।

रजिष्ट्रार डा. सतिसकुमार देव अनुसार कतिपय अवस्थामा चिकित्सकको नाम र दर्ता नम्बर कार्यरत नभएका संस्थामा समेत प्रयोग भइरहेका भेटिएको छ ।

यसले बिरामीहरूलाई गलत सन्देश दिने, सेवा प्रदायकको पहिचानमा अन्योल सिर्जना गर्ने र अन्ततः स्वास्थ्य सेवाप्रति विश्वासमा असर पार्ने जोखिम बढाएको डा. देव बताए ।

यस्ता गतिविधिले भविष्यमा कानुनी तथा प्रशासनिक जटिलता निम्त्याउन सक्ने चेतावनी दिँदै काउन्सिलले चिकित्सकलाई सचेत गरेको छ ।

साथै, आफ्ना विवरणहरूको दुरुपयोग हुन नदिन आवश्यक सतर्कता अपनाउन पनि निर्देशन दिइएको छ। *(स्रोत: अनलाईनखबर)*

# गगनले खनेको...

एजेन्डाहरूलाई गाउँ-गाउँका चियापसलसम्म पुऱ्याए । उनले एउटा 'स्मार्ट र डिजिटल कांग्रेस' को खाका कोरेका थिए, जसले पछिल्लो पुस्ताको छटपटी बुझोस् । तर, विडम्बना ! उनले भूगोलमा कांग्रेसलाई पुनर्जीवित गर्न खोज्दा पार्टीभित्रकै एउटा ठूलो हुल उनलाई विफल बनाउन तम्सियो । आज निर्वाचनमा कांग्रेसको हार र गगनको राजीनामापछि, कांग्रेस फेरि त्यही 'गुगल' को पुरानो इतिहासमा हराउने डर पैदा भएको छ। गगनले भूगोलमा कोरेको 'बदलिएको कांग्रेस' को झलक अब गगनको अनुपस्थितिमा कसले देखाउला ? के फेरि सिङ्गापुर मा आराम गर्ने नेताहरूले भूगोलको धुलो र पसिनाको राजनीति बुझ्लान् ? पक्कै बुझ्ने छैनन् ।

### नैतिकताको राजनीति र कांग्रेसको भविष्य

निर्वाचनमा पार्टीले बेहोरेको हार र आफ्नो व्यक्तिगत पराजयपछि गगन थापाले 'नैतिकता' का आधारमा सभापति पदबाट दिएको राजीनामाले नेपाली राजनीतिमा एउटा ठूलो तरंग पैदा गऱ्यो । नेपालको राजनीतिक संस्कार यस्तो छ, जहाँ नेताहरू पदमा टाँसिइर हनका लागि हरसम्भव तिकडम गर्छन्। तर, गगनले राजीनामा दिएर एउटा उच्च राजनीतिक संस्कारको परिचय दिए। यो राजीनामा केवल एउटा पदको त्याग मात्र थिएन, यो त 'काम गर्न नसके बस्नुहुँदैन' भन्ने एउटा दह्रो सन्देश पनि थियो। माथि नै उल्लेख गरिसकिएको छ कि गगनले नैतिकताको आधारमा राजीनामा दिए पनि कांग्रेस केन्द्रीय कार्यसमितिले अस्वीकार गरिसकेको छ ।

तर, प्रश्न उठ्छ- के गगनको यो नैतिकताले मात्र कांग्रेसको भविष्य सुरक्षित गर्थ्यो ? नैतिकताको 'न' नभएको पार्टीभित्र गगनले राजीनामा बुझाउँदा कांग्रेसभित्रका ती 'धमिरा'हरू खुशी भए, जसले चुनावभरि गगनलाई हराउन अन्तर्घात गरेका थिए। देउवा पक्षीय अनुहारहरूका लागि गगनको राजीनामा एउटा 'विजय उत्सव' जस्तो भएको थियो। गगनले नैतिकता देखाउँदा कांग्रेस नेतृत्वविहीनता र झन् पुरानो गुटीय जडतातर्फ धकेलिने खतरा थियो । केन्द्रीय कार्यसमितिले यही कुरा उठाएर राजीनामा अस्वीकार गरेको हो ।

गगनको राजीनामाले कांग्रेसलाई 'सुधार्ने' भन्दा पनि 'सिध्याउन' उद्यत शक्तिहरूलाई बल पुऱ्याउने थियो। यदि राजीनामा स्वीकृत भएको भए अबको कांग्रेस कता जाला ? के यो फेरि त्यही 'शेरबहादुर शैली' को बन्धक बन्ला ? भन्ने प्रश्न जोडदार उठ्ने थियो ।

गगन थापाले राजीनामा घोषणा गर्दा धेरैले यसलाई आवेगको निर्णय ठानेका थिए, तर उपसभापति विश्वप्रकाश शर्माले यसलाई गहिरो सुझबुझका साथ सम्हाल्ने प्रयत्न गरे। उपसभापति शर्माले गगनको राजीनामा बुझ्दै गर्दा यो केवल एउटा व्यक्तिको पदत्याग मात्र नभएर सिङ्गो पार्टीको अस्तित्वमाथि आउन सक्ने भूकम्प हो भन्ने सहजै बुझे । 'हारको जिम्मेवारी केवल एक व्यक्तिको काँधमा थोपरेर बाँकी नेतृत्व पानीमाथिको ओभानो बन्न मिल्दैन' भन्ने अडान राख्दै शर्माले गगनलाई एक्लो हुन दिएनन् ।

### पुनर्जागरणको आवश्यकता

गगन थापाले १५ वर्ष लगाएर कोरेको बाटोमा आज रास्वपाको गाडी गुडिरहँदा यसले नेपाली राजनीतिको एउटा तितो यथार्थलाई उजागर गरेको छ- विचार मात्र भएर पुग्दैन, त्यो विचारलाई कार्यान्वयन गर्ने 'यन्त्र' (पार्टी) पनि उत्तिकै गतिशील हुनुपर्छ। कांग्रेसभित्रको 'शेरबहादुर गुट' ले गगनको वैचारिक इन्जिनलाई जाम गरिदियो, र नयाँ शक्तिले त्यही इन्धन प्रयोग गरेर आफ्नो गाडी कुदाइदियो।

अब कांग्रेसलाई सामान्य सुधार वा 'थेरापी' ले पुग्दैन। यसलाई 'मेजर सर्जरी' चाहिएको छ । गगन थापाले अब 'भद्र' र 'संयमित' नेता बनेर मात्र पुग्दैन, उनले अब पार्टीभित्रको यो खलनायकत्व विरुद्ध एउटा कठोर विद्रोही कमान्डरको रूपमा प्रस्तुत हुनैपर्छ । उनले कोरेको बाटोमा अरूको गाडी गुड्नु भनेको उनको विचारको जित हो, तर उनको कमाण्डको हार हो । अबको समय गगनका लागि एउटा अग्निपरीक्षा हो, या त उनले कांग्रेसलाई 'गगन कांग्रेस' मा पूर्ण रूपमा रूपान्तरण गर्नुपर्छ, या त यो बाटोमा गुडिरहेका नयाँ गाडीहरूको स्टेयरिङ सम्हाल्ने गरी नयाँ राजनीतिक ध्रुवीकरणको साहस गर्नुपर्छ ।

अझै पनि गगनका लागि एउटा अवसर भने बाँकी छ । उनले यो हारलाई एउटा 'रि-सेट' बटनको रूपमा प्रयोग गर्नुपर्छ । उनले अब 'हुनुपर्छ' भन्ने गगन होइन, 'गरेर देखाउने' र 'पार्टी कब्जा गर्ने' गगनको रूपमा आफूलाई प्रस्तुत गर्नुपर्छ। बाटो गगनकै हो, तर त्यो बाटोमा कांग्रेसको गाडी कुदाउने कि रास्वपाको गाडीलाई 'ओभरटेक' गर्ने भन्ने कुरा अब गगनको राजनीतिक आँट र उनको आगामी मूभमा भर पर्छ । यदि गगनले आज आँट गरेनन् भने, १५ वर्षपछि इतिहासले भन्नेछ, 'गगनले बाटो त खनेका थिए, तर उनी आफैं कहिल्यै त्यो बाटोको चालक बन्न सकेनन् ।'

गगनले नैतिकताको आधारमा राजीनामा दिएका हुन्, तर कांग्रेसलाई यतिबेला गगनको राजीनामा होइन, उनको नेतृत्वमा 'पुनर्जागरण' चाहिएको छ । त्यसैले अब उनले पुनः भूगोलमा आफ्नो सक्रियता बढाउनुपर्छ। गुगलमा हराउन लागेको कांग्रेसलाई फेरि जनताको मनमा स्थापित गर्न अब 'सडक' बाटै नयाँ लडाइँ शुरु गर्नुपर्छ । यदि गगनले नैतिकताको नाममा विश्राम लिने अडान राखिरहे भने त्यो गल्ती हुनेछ र १५ वर्षपछि इतिहासले भन्नेछ- 'गगनले बाटो त राम्रो बनाएका थिए, तर उनी आफैं कहिल्यै त्यो बाटोको सफल चालक बन्न सकेनन् ।'

*(स्रोत: अनलाईनखबर)*




## बागमती प्रदेश सभा सचिवालय

हेटौँडा, नेपाल

### चमेना गृह (क्यान्टिन) सञ्चालन सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१२/१२)*

यस कार्यालयको परिसर भित्र रहेको चमेना गृह (क्यान्टिन) सञ्चालन गर्न इच्छुक नेपाली नागरिक तथा व्यावसायिक फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरभाउपत्र प्रस्ताव फाराममा उल्लेख गरिएको खाजा/खानाको परिकार र इकाई अनुसारको खाजा/खाना के-कति दररेटमा उपलब्ध गराउन सकिन्छ दररेटसहितको विवरण खामबन्दी गरी कार्यालय कोड नं. २०२००३२०१३ तथा राजश्व शिर्षक नम्बर १४२२९ मा रा.वा.बैंक हेटौँडामा रहेको खाता नं. १३००१००२०२०३०००० मा रु. १०००।०० (फिर्ता नहुनेगरी) जम्मा गरेको सक्कल भौचर संलग्न राखी कार्यालय समयभित्र यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि यस सचिवालयको वेवसाइट provincialassembly.bagamati.gov.np मा हेर्नुहुन अनुरोध छ ।

## वास्तु किन चाहिन्छ ?

**Scientific & Modern**
**तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?**

- ❖ पन्चतत्व सन्तुलित राख्न,
- ❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
- ❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
- ❖ गृहस्थी जीवन सन्तुलन राख्न,

वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।

❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

निशूल्क परामर्श
Mobile Numerology,
Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095

## कम्पनिको नाम परिवर्तन गरिएको बारे सूचना

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको श्री एम. एस. पी. सर्भिसेज कम्पनि प्रालि (दर्ता नं. ३६३८३५/०८१/०८२) को साविक नाम परिवर्तन भई अब उपरान्त श्री एम. एस. पी. लजिस्टिक एण्ड सर्भिसेज कम्पनि प्रालि कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भइसकेकाले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री एम. एस. पी. लजिस्टिक एण्ड सर्भिसेज कम्पनि प्रालि**

## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौं ।

**प्रो. ज्योति रत्न बज्राचार्य**
**सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४**

## वितरक चाहियो

समृद्ध समाज राष्ट्रिय दैनिकका लागि हेटौँडा बजार क्षेत्रमा पत्रिका वितरणका लागि वितरक आवश्यक भएकोले तपसील बमोजिमको काम गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पद : पत्रिका वितरक ।
संख्या : ३ (तीन) जना ।
काम गर्नुपर्ने समय : बिहान ६ बजेदेखि ८ बजेसम्म ।
पारिश्रमिक : संस्थाको नियमानुसार ।
प्राथमिकता : अनुभवी, साइकल भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

**सम्पर्क : ०५७-५२६८३०**
**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौडा-४, मकवानपुर**

समृद्धि प्रकाशन प्रा. लि.
हेटौडा, मकवानपुर

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

## चल अचल सम्पत्ति वा घर-जग्गा भाँडामा दिँदा अनिवार्य रुपमा सम्झौँता गर्ने सम्बन्धी सूचना

हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ मा चल अचल सम्पत्ति वा घर जग्गा भाँडामा दिने लिने सबैले अनिवार्य रुपमा ३ पुस्ते पारिवारीक बिवरण उल्लेख गरी चल अचल सम्पत्ती वा घर जग्गा भाँडा सम्झौँता गरेर मात्र दिन लिन हुन सरोकारवाला सबैमा यो सूचना प्रकाशन गरिएको छ । सम्झौँता नगरी भाँडामा लिने दिने गरेको पाइएमा वा यस सम्बन्धमा कुनै समस्या आई परेमा सम्बन्धित व्यक्ति नै जिम्मेवार हुने व्यवहोर सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिन्छ ।

**२ नम्बर वडा कार्यालय**
**हेटौंडा उपमहानगरपालिका**
**बागमती प्रदेश, नेपाल**

# बच्चाका साना प्रश्नहरूको पनि उत्तर खोजिदिनुहोस

**यस वर्षको एसईई आगामी चैत १९ गतेबाट सुरु हुँदैछ । विद्यालय तहको महत्वपूर्ण परीक्षाको रुपमा एसईईलाई लिइन्छ । पछिल्लो समय सरकारले कक्षा-१२ सम्मको शिक्षालाई विद्यालय तहको शिक्षा भने पनि अझै १० कक्षाको वार्षिक परीक्षा नै विद्यालय परीक्षाको रुपमा स्थापित छ । गत वर्ष एसईईमा मकवानपुर जिल्लामै शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल हेटौँडा-१८ स्थित मकवानपुर बालविद्या सदन यस वर्ष पनि गत वर्षजस्तै नतिजा हासिल गर्ने प्रयास गरिरहेको छ । गत वर्षको उपलब्धी, यस वर्षको योजना र लक्ष्यको विषयमा रहेर मकवानपुर बालविद्या सदनका प्रिन्सिपल सुदीप राज गिरीसँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानीको अंशः**



**सुदीप राज गिरी**
**प्रिन्सिपल**
**मकवानपुर बालविद्या सदन, हेटौँडा-१८**

**समाज : गत वर्ष मकवानपुर बालविद्या सदनसहित मकवानपुरका ५ वटा संस्थागत विद्यालयले शतप्रतिशत नतिजा ल्याउन सफल भएको थियो । यस वर्ष चैत्र १९ देखि परीक्षा हुँदैछ । अन्तिम समयमा आइपुग्दा मकवानपुर बाल विद्या सदनको तयारी कस्तो छ ?**

**गिरी** : माध्यमिक तह कक्षा १२ सम्म भए पनि हाम्रो शैक्षिक जगतमा कक्षा १० को नतिजालाई नै सबैभन्दा बढी प्राथमिकता दिने चलन छ । यो जनचासोको विषय पनि हो । तयारीको कुरा गर्दा, कुनै पनि विद्यालयले सबै कक्षामा उत्तिकै ध्यान दिनुपर्छ, तर १० कक्षाको हकमा हामीले अलि बढी प्राथमिकता दिएका छौं ।

हाम्रो विद्यालयमा हामीले विद्यार्थीहरूलाई तीन तहमा वर्गीकरण गरेर पढाउने गरेका छौं । इन्डिपेन्डेन्ट लर्नर्स, जो आफैं मिहिनेत गरेर सिक्न सक्छन् । गाइडेड लर्नर्स जसलाई शिक्षकले थोरै मार्गदर्शन र पृष्ठपोषण दिए पुग्छ । फाउण्डेशनल लर्नर्स जसको आधार नै कमजोर छ । यस्ता विद्यार्थीलाई शिक्षकले कक्षाको ४५ मिनेटको समयमा सबैभन्दा बढी समय दिनुहुन्छ । यसबाहेक, हामीले विद्यार्थीहरूको उच्च मनोबलका लागि वर्षमा २-३ पटक विशेष मोटिभेसनल कार्यक्रमहरू गर्छौं । करिब एक महिना अगाडि मात्रै पनि हामीले बजारमा एउटा कम्बाइन्ड कार्यक्रम गरेका थियौं, जहाँ समूहमा मिलेर कसरी सफल हुन सकिन्छ भन्ने कुरा सिकाइएको थियो ।

**समाज : गत वर्षको शतप्रतिशत नतिजा अपेक्षा अनुसार नै थियो कि त्यो भन्दा राम्रो ? र यो वर्ष कति विद्यार्थी सहभागी हुनुहुन्छ ?**

**गिरी** : शतप्रतिशत नतिजा आउनुमा धेरै कुराको संयोग मिल्नुपर्छ । विद्यार्थीको तयारी त छँदैछ, ७ दिनको परीक्षामा उसको शारीरिक र मानसिक स्वास्थ्य पनि उत्तिकै महत्वपूर्ण हुन्छ । कुनै एक दिन मात्रै पनि बच्चा बिरामी भयो वा कुनै एउटा विषयमा उसको नतिजा बिग्रियो भने शतप्रतिशत हुन सक्दैन । त्यसैले ती ५ वटा विद्यालयहरू भाग्यमानी पनि हुन् भन्छु म । यो वर्ष हामीसँग १७ जना विद्यार्थी हुनुहुन्छ । गत वर्ष १८ जना हुनुहुन्थ्यो । संख्या थोरै भए पनि हाम्रा लागि चुनौति उत्तिकै छ । हामीले अघिल्लो वर्षको भन्दा अझ बढी मिहिनेत यो वर्ष गरेका छौं । मलाई लाग्छ, आगामी वर्षहरूमा विद्यार्थी संख्या अझ बढ्नेछ र मेरो वास्तविक परीक्षा पनि त्यतिबेलै हुनेछ ।

**समाज : हेटौँडा-१८ अलि फरक परिवेशमा छ । त्यहाँका विद्यार्थीहरूमा एसईईलाई लिएर कस्ता चिन्ता वा सामाजिक चुनौतीहरू देख्नुभएको छ ?**

**गिरी** : हाम्रो वडा उपमहानगरपालिका त भयो तर सामाजिक रूपमा अझै गाउँ र सहरको बीचको अवस्थामा छ । भौतिक पूर्वाधार त २-४ वर्षमा बन्छ, तर सामाजिक विकासमा समय लाग्ने रहेछ । बालबालिकालाई अलिकति मात्रै पनि निगरानी गर्न छोडियो भने उनीहरू बाटो बिराउने जोखिम रहन्छ । त्यसैले हामीले शैक्षिक सत्रको पहिलो दिनदेखि नै 'आजै चैत्र १९ हो' भन्ने सोचका साथ विद्यार्थीलाई तयार गर्छौं। अहिले हाम्रा विद्यार्थीहरू 'कहिले चैत्र १९ आउला र परीक्षा दिउँला' भन्ने गरी मानसिक र शारीरिक रूपमा पूर्ण तयार भइसकेका छन् । उनीहरूमा अब डर भन्दा पनि उत्साह छ ।

**समाज : शिक्षकहरूको समर्पण र व्यवस्थापनको पाटो कस्तो छ ? नतिजालाई लिएर उनीहरू कत्तिको विश्वस्त छन् ?**

**गिरी** : शिक्षकहरूको भूमिका त त्रिपक्षीय सम्बन्धको मुख्य कडी हो । म आफूलाई भाग्यमानी ठान्छु किनकि मकहाँ निकै समर्पित शिक्षक टोली छ । बजार क्षेत्रमा पनि गणित र विज्ञानका शिक्षकको ठूलो अभाव छ, तर मेरो विद्यालयमा शिक्षकहरूले निकै डेडिकेटेडली काम गरिदिनुभएको छ । विज्ञान पढाउने रवि सर प्रत्येक दिन हेटौँडा बजारबाट विद्यालय आउन-जान गरी ५६ किलोमिटर यात्रा गर्नुहुन्छ । गणितका विज्ञ गोपाल घिमिरे सरले पनि उत्तिकै सहजीकरण गरिरहनुभएको छ । हाम्रा शिक्षकहरूले बिदाको दिन र शनिबार पनि आएर विद्यार्थीलाई अतिरिक्त समय दिनुहुन्छ । म तपाईंको रेडियोमार्फत ती सम्पूर्ण शिक्षकहरूलाई सम्मान व्यक्त गर्न चाहन्छु । उहाँहरू नतिजालाई लिएर निकै कन्फिडेन्ट हुनुहुन्छ ।

**समाज : अभिभावकहरूको पाटोमा कुरा गरौं । तपाईहरूले एसईई दिने विद्यार्थीका अभिभावकहरूबाट कस्तो अपेक्षा राख्नुभएको छ ? उनीहरूलाई कसरी सन्तुष्ट पार्नुहुन्छ ?**

**गिरी** : हाम्रो विद्यालयका अभिभावकहरू निकै सकारात्मक र सहयोगी हुनुहुन्छ । मेरो एउटै आग्रह छ, विद्यालयप्रति शंका नगर्नुहोस्, बरु प्रश्न गर्नुहोस् । प्रश्न सोध्दा उत्तर आउँछ र साझा निष्कर्षमा पुग्न सकिन्छ । हामी अभिभावकलाई ५-७ जनाको स-सानो समूहमा बोलाएर छलफल गर्छौं ताकि उनीहरूले विद्यालयको लक्ष्य र योजना स्पष्ट रूपमा बुझून् । एउटा गम्भीर समस्या चाहिँ अभिभावकले बालबालिकालाई 'पढ-पढ' मात्र भन्नु हो । बच्चा १५ घण्टा जागै रहन्छ भने उसले १५ घण्टा नै 'पढ' भन्ने सुन्नुपर्छ । उनीहरूसँग साथीजस्तो बनेर गफ गर्ने, उनीहरूको जिज्ञासा सुन्ने र विद्यालयमा के भयो भनेर सोध्ने वातावरण बनाउनुपर्छ । बालबालिकाको जिज्ञासा नमार्नुहोस्; कौटिल्य पण्डितका बाबुले जस्तै बच्चाका साना प्रश्नहरूको पनि उत्तर खोजिदिनुहोस् ।

**समाज : अन्त्यमा, शतप्रतिशत नतिजा आउँदा कसरी सेलिब्रेट गर्नुहुन्छ र अरू विद्यालयलाई के सन्देश दिन चाहनुहुन्छ ?**

**गिरी** : रिजल्ट राम्रो आउँदा खुसी लाग्नु स्वाभाविक हो । हामी विद्यार्थी र अभिभावकलाई बोलाएर खुसी साटासाट गर्छौं र एकअर्कालाई धन्यवाद दिन्छौं । हाम्रो तयारी नै हाम्रो उत्सव हो । साथै, विज्ञान जस्ता विषय प्रभावकारी बनाउन विद्यालयका ल्याब र प्रयोगात्मक सिकाईमा जोड दिनु आवश्यक छ ।



**मैदानमा ताल** : मकवानपुरको उत्तरीक्षेत्र इन्द्रसरोवर गाउँपालिकास्थित कुलेखानी जलविद्युत आयोजनाको जलाशयमा पानीको सतह बढेसँगै जलाशयसँगैको खेलमैदान जलमग्न भएपछि देखिएको फुटबलको गोलपोष्ट । मुलुकको पावर व्याकअपको रुपमा रहेको कुलेखानी जलविद्युत आयोजना आवश्यकताअनुसार मात्रै सञ्चालन हुने गरेको छ । कुलेखानी जलविद्युत आयोजना प्रथमका अधिकारीका अनुसार बुधबार राती ९ बजे जलाशयमा पानीको तह १ हजार ५ सय २३ मिटर ४६ सेन्टिमिटर रहेको छ । कुलेखानी जलविद्युतका तीन वटा आयोजना छन् । पहिलो ६० मेगावाट, दोस्रो ३२ मेगावाट र तेस्रो १४ मेगावाटको रहेको छ । मंगलबार २ नम्बर पावर हाउस ३४ मिनेट सञ्चालन गरिएको थियो भने बुधबार १ नम्बर पावर हाउस करिब ६ घण्टा सञ्चालन गरिएको थियो ।

## प्रधानमन्त्री कप क्रिकेट

# कर्णाली र मधेश प्रदेश विजयी

समाज संवाददाता

हेटौँडाः प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा कर्णाली प्रदेशले कोशी प्रदेशलाई र मधेश प्रदेशले सुदूरपश्चिम प्रदेशलाई पराजित गरेको छ । बुधबार वीरगञ्जको नारायणी रङ्गशालामा भएको खेलमा मधेशले सुदूरपश्चिमलाई ५ विकेटले पराजित गरेको हो ।

खेलमा टस हारेर व्याटिङको निम्तो पाएको सुदूरपश्चिमले मधेशसामु १ सय ६१ रनको लक्ष्य प्रस्तुत गरेको थियो । सुदूरपश्चिम ४३ ओभर २ बलमा अलआउट भएको थियो । सुदूरपश्चिमका अभिषेक पालले ३३ रन, किरण ठगुन्ना र नारायण जोशीले समान २३ रन बनाए । बलिङतर्फ सुदूरपश्चिमका अशोक धामीले ३ विकेट र कप्तान शेर मल्ले २ विकेट लिए ।

१ सय ६१ रनको लक्ष्य पछ्याएको मधेश प्रदेशले ३३ ओभर ४ बल्लमा ५ विकेट गुमाएर लक्ष्य भेटाएको हो । मधेशका लागि बलिङ गर्दा ३ विकेट लिएका अरनिकोप्रसाद यादवले अविजीत ४६ रन बनाए भने आदिल आलमले ३४ रन जोडे । बलिङतर्फ प्रदिप पासवानले २ विकेट लिए ।

यस्तै, जनकपुरको रामजानकी क्रिकेट मैदानमा भएको अर्को खेलमा कर्णाली प्रदेशले कोशी प्रदेशलाई १६ रनले पारजित गरेको छ । सुरुमा व्याटिङ गरेको कर्णालीले कोशी सामु १५२ रनको लक्ष्य प्रस्तुत गरेको थियो । कर्णालीले ३९ ओभर १ बलमा सबै विकेट गुमाएर १५१ रन जोडेको थियो । विपिनविक्रम शाही ठकुरीले ६३ रन र विपिन रावलले ३२ रन बनाए । बलिङमा कर्णालीका दिनेश अधिकारीले ५ विकेट, कप्तान दिवन पुन र प्रकाश जैशीले समान २ विकेट लिए ।

कर्णालीका सामु कोशीका व्याटरहरुले राम्रो प्रदर्शन गर्न सकेनन् । कोशी प्रदेशको टिम ४४ ओभर४ बलमा १३५ रनमै अलआउट हुन पुग्यो । कोशीका दिपेश कँडेलले २६ रन, शिवंस बजगाईले २३ रन र ओपनर व्याटर सुमन श्रेष्ठले २० रन बनाएका थिए । अन्य व्याटरहरुले भने राम्रो प्रदर्शन गर्न सकेनन् । बलिङमा उत्कृष्ट प्रदर्शन गर्दै कोशीका प्रेम कामतले ४ विकेट, ज्ञानेन्द्र श्रेष्ठले ३ विकेट र कप्तान सुजन थपलियाले २ विकेट लिए ।

जारी प्रतियोगितामा दुई खेलबाट मधेश प्रदेश ३ अंकसहित अंक तालिको दोस्रो स्थानमा छ । यस्तै, ३ खेल खेलेका कर्णाली ३ अंहसहित तेस्रो, दुई खेल खेलेको सुदूरपश्चिम २ अंकसहित सातौँ र ३ खेल खेलेका कोशी १ अंकसहित पुच्छारबाट दोस्रो स्थानमा रहेको छ । प्रतियोगितामा ७ वटा प्रदेश र ३ वटा विभागीय टोली (नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाल आर्मी) गरी १० टोली सहभागी छन् । प्रतियोगिताको उपाधि विजेताले १० लाख रुपैयाँ र उपविजेता टोलीले ५ लाख रुपैयाँ पुरस्कार पाउनेछन् ।

## स्कुटरको ठक्करबाट साइकलयात्रीको मृत्यु

# त्रिशूली नदीमा एक पुरुषको शव भेटियो

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशको चितवन जिल्लामा स्कुटरको ठक्करबाट साइकलयात्रीको मृत्यु भएको छ भने त्रिशूली नदी किनारमा एक पुरुषको शव भेटिएको छ ।

चितवनको भरतपुर महानगरपालिका-२७, पर्साढाप बजारमा स्कुटरले साइकललाई ठक्कर दिँदा गम्भीर घाइते भएका साइकलयात्रीको उपचारका क्रममा मृत्यु भएको छ । आइतबार दिउँसो १ बजेको समयमा जितपुरबाट चनौलीतर्फ जाँदै गरेको बा प्र ०६-०१ प ००९० नम्बरको स्कुटरले साइकललाई ठक्कर दिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

साइकलयात्री भरतपुर-२७, पर्साढापका ६२ वर्षीय रामजी अर्याल गम्भीर घाइते भएका थिए । घाइते अर्याललाई उपचारका लागि चितवन मेडिकल कलेज लगिएको थियो । उपचारका क्रममा मंगलबार बिहान ९ बजेर ४५ मिनेटको समयमा उनको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । दुर्घटनामा संलग्न स्कुटर चालक भरतपुर-२८ का २८ वर्षीय सतिस मास्केलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै चितवनको इच्छाकामना गाउँपालिका-६ त्रिशूली नदी किनारमा एक पुरुषको शव फेला परेको छ । मंगलबार दिउँसो ३ बजेको समयमा अन्दाजी ३५ वर्षीय पुरुषको शव फेला परेको प्रहरीले जानकारी दिएको छ । शवको पहिचान हुन सकेको छैन । मुचुल्का पश्चात शवलाई पोष्टमार्टमका लागि भरतपुर अस्पताल पठाइएको छ ।

# नेपालकै पहिलो बालमैत्री पालिकामा बालबिवाहको निरन्तरता

समाज संवाददाता

हेटौँडाः विसं २०७६ पुस २८ गते मकवानपुरको मनहरी गाँउपालिका नेपालकै पहिलो बालमैत्री गाउँपालिका घोषणा भयो । धुमधामसहित भव्य कार्यक्रम गरेर तत्कालीन गाउँपालिका उपाध्यक्ष मनिला बिष्टको नेतृत्वमा यो गाउँपालिका नेपालकै पहिलो बालमैत्री गाँउपालिका बन्न सफल भएको थियो । तर बालमैत्री बनेको ६ बर्ष पुग्न लाग्दा पनि यस गाउँपालिकाका कतिपय वडाहरुमा बालबिवाहका घटना निरन्तर भइरहेका छन् ।

बालबिवाहले गर्दा माध्यमिक विद्यालयहरुमा पनि नतिजामा सुधार ल्याउन झनै समस्या बढेको मनहरी-२ स्थित सीता माविका प्रधानाध्यापक विशाल घलान गुनासो गर्नुहुन्छ । 'कक्षा १० को सुरुवातमा एसईईको फारम भरेका विद्यार्थीहरु बालबिवाह गरी चार-पाँच महिना भागेर बेपत्ता भइदिन्छन् । अनि पछि परीक्षामा सामेल हुनमात्र आइपुग्छन्', प्रधानाध्यापक घलान भन्नुहुन्छ- 'यसले विद्यार्थीको संख्या त देखिन्छ, तर पढेका भने हुँदैनन् । अनि त फेल नै हुन्छन् ।'

कोही विद्यार्थी त विद्यालय पोसाकमै बिवाह गरेर भाग्ने गरेको उहाँले बताउनुभयो । यस वर्ष पनि कक्षा १० मा अध्ययन गर्ने ३ जनाले भागी बिवाह गरिसेको प्रधानाध्यापक घलानले जानकारी दिनुभयो । तामाङ जातिको बाहुल्यता रहेको यस वडामा सानै उमेरमा भागेर विवाह गरेका छोरी फर्काउन हुँदैन भन्ने मान्यताका कारण कोही अभिभावकले पनि यसमा चासो नदिने गरेको उहाँको भनाइ छ ।

बालमैत्री घोषणा भएको ६ वर्ष भइसकेको पालिकाले बालमैत्री पालिकाका सूचकहरु कायम राख्ने कार्यक्रमका लागि बजेटमा निरन्तरता दिएको देखिँदैन । तत्कालीन गाउँपालिकाका जनप्रतिनिधिहरुले बालमैत्री कार्यक्रमलाई प्राथमिकता दिए पनि पछिल्ला जनप्रतिनिधिहरुले बालमैत्री कार्यक्रमलाई ओझेलमा पारेको जस्तो देखिन्छ ।

गत आर्थिक वर्षमा मनहरी गाउँपालिकामा बालबिवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रमका लागि १ लाख ५० हजार र बाल श्रममुक्त गाउँपालिकाका लागि ३ लाख बजेट बिनियोजन गरेको थियो । यद्यपि बालमैत्रीका सूचकहरुलाई नजरअन्दाज गर्दै बजेटमा कमी गरेको छ । बालमैत्रीका सूचकहरुलाई कायम राख्न बालश्रमको अनुगमन गर्ने गरेको पालिकाकी उपाध्यक्ष सीता पुलामी मगरले बताउनुभयो । बालश्रम रोकथाममा लागेको भए पनि पालिकामा पर्याप्त बालबिवाह भइरहँदा जनप्रतिनिधिहरुको ध्यान पुग्न सकेको छैन ।

मनहरीको जस्तै बकैया गाँउपालिकाको पनि बालमैत्री निरन्तरता अवस्था सकारात्मक छैन । यो पालिका पनि विसं २०७७ माघ २९ गते बालमैत्री घोषणा भएको थियो । तर बालमैत्री भएको ५ वर्षसम्म पनि निरन्तर बालबिवाह चलिरहेको छ । आर्थिक वर्ष २०७८/०७९ मा २८ जनाको बालबिवाह भएको तथ्याङ्क छ । आर्थिक वर्ष २०७९/०८० मा २१ जना बालबालिकाको विवाह भएको थियो भने अर्को वर्ष १३ जनाको बालबिवाह भएको पालिकाको तथ्याङ्क छ ।

पालिकामा बालबिवाह भइरहँदा पनि यसको न्यूनीकरण गर्न भन्दा बालमैत्री घोषणा गर्नमात्र हतारिएका कारण अहिले पछुताउनु परेको भन्दै बकैया गाउँपालिकका उपाध्यक्ष भक्तबहादुर खत्री पुराना जनप्रतिनिधिलाई दोष दिनुहुन्छ । पहिले दीर्घकालीनरुपले यस्ता समस्या निराकरण गरेरमात्र बालमैत्री घोषणा गर्नुपर्ने उहाँको भनाइ छ ।

पालिकाबाट भएका अनुगमनमा बालबिवाहमा संग्लग्न अधिकांश बालबालिकाहरु बिखण्डनमा परेका परिवारका र अभिभावकविहीन अवस्थाका रहेको पाइएको बकैया गाउँपालिकाकी सामाजिक विकास शाखाकी कर्मचारी होमकुमारी सञ्जेलले जानकारी दिनुभयो । बकैया-२, तीनभंगाले दोभानस्थित कालिका माविका प्रधानाध्यापक सुकराम स्याङ्तान पनि बालबालिकाहरु विद्यालयबाटै बिवाह गरेर भागिदिने बताउनुहुन्छ ।

अभिभावकहरुमा चेतनाको कमीले आफ्ना बालबालिका बेपत्ता हुँदा पनि खोजी नगर्ने र सो बिवाह सम्बन्धलाई स्वीकार्ने गर्दछन् । बालबालिकाको पढ्ने र सिक्ने उमेरमा बरालिने र किशोरावस्थामा नै अभिभावक बन्ने हुँदा यसले आमाको स्वास्थ्यलगायत अन्य दूरगामी असर पर्ने उहाँ बताउनुहुन्छ । बालबिवाहको भोजमा स्थानीय जनप्रतिनिधिहरु नै गएर सहभागी हुने गरेको उहाँले उल्लेख गर्नुभयो ।

बालमैत्री घोषणा भएका पालिकाहरुले बालमैत्री सूचकहरुलाई कायम राख्न उचित र पर्याप्त बजेट विनियोजन गर्नुपर्ने बाल हेल्पलाइन मकवानपुरका प्रबन्धक झविन्द्र ज्ञवालीको सुझाव छ । बालबालिकाको क्षेत्रमा पालिकाहरुले लगानी बढाएर बालबालिकालाई र अभिभावकहरुलाई छुट्टा छुट्टै सचेतना कार्यक्रममा लगानी गर्नुपर्ने, बालअधिकार समितिको बैठकमा सक्रिय भई बालमैत्रीलाई बढावा दिन सकिने उहाँको भनाइ छ । अभिभावकहरुको आयआर्जन तथा सिप, तालिम कार्यक्रम सञ्चालन गर्नुपर्ने, विद्यालयहरुमा पढाइको स्तर बढाउन कार्यक्रमहरु थप गर्नेलगायतका स्थानीय तहले बालबालिकाको क्षेत्रमा प्रत्येक वर्ष निरन्तर बजेटको दायरा बढाएमा बालबिवाहका समस्या न्यून हुँदै निराकरणसमेत हुने ज्ञवाली बताउनुहुन्छ ।

**रोजगारीको अवसर**

**हेटौँडास्थित एक होटलका लागि तपसील बमोजिमको कामदार आवश्यक भएकोले इच्छुक, योग्य नेपाली नागरिकले २०८२ चैत १३ गतेसम्ममा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।**

**तपसील**
कुक - २ जना
काउन्टर सेल्सम्यान-३ जना
किचन (स्वीट्स) हेल्पर : ५ जना ।
बेकरी हेल्पर : ३ जना ।
क्लिनर : २ जना ।

**सेवा, सुविधा आपसी सहमतिमा तय गरिनेछ ।**

**सम्पर्क : ९८२१-२५९३९३**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ